मण्डनदेउपुर नगरपालिका
MANDANDEUPUR MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
महादेवस्थान
Mahadevsthan

काभ्रेपलाञ्चोक
Kavrepalanchok
बागमती प्रदेश, नेपाल
Bagamati Province, Nepal

पत्र संख्या : २०७७/०७८ मिति: २०७८/०२/२१

चलानी नं. :-

## अत्यन्त जरुरी सूचना।

यस नगरपालिकामा कोरोना भाईरस कोभिड-१९को दोस्रो लहरको संक्रमण तिव्र रुपमा वृद्धि भएको सन्दर्भमा यस नगरपालिकाको सम्पूर्ण क्षेत्रमा मितिः २०७८/२/१२ देखि २०७८/२/२१ सम्म शिल गरिएकोमा प्रकोप रोकथाम, नियन्त्रण तथा ब्यवस्था गर्ने सिलसिलामा मितिः २०७८/२/२२ देखि २०७८/२/३१ सम्म देहाय अनुसार गर्ने गराउन हुन नगरबासी लगायत सम्बन्धित सबैमा यो सूचना जारी गरिएको छ ।यस सूचना बिपरितका कार्य गरेमा संक्रामक रोग ऐन २०२० बमोजिम कारवाही हुने ब्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिल

१. औषधि तथा इन्धन पसल, ब्यवसाय नियमित रुपमा स्वास्थ्य मापदण्ड पूरा गरी भौतिक दुरी कायम गरेर संचालन गर्ने ।
२. दैनिक अत्यावश्यक उपभोग्य सामग्रीहरुः खाद्यान्य, सागसब्जी, तरकारी, फलफुल पसल, दुध र कृषिका लागि आवश्यक सामग्रीहरु विहान ६ बजे देखी ९ बजे सम्म मात्र सम्पूर्ण स्वास्थ्य मापदण्ड अपनाएर कम्तीमा २ मिटर भौतिक दुरी कायम गरी संचालन गर्ने । पसल अगाडि अनिवार्य रुपमा सावुन पानीले हातधुने,मास्क र स्यानीटाईजरको ब्यवस्था गर्ने ।
३. दुध भर्ने डेरीहरुले कम्तीमा २ मिटरको भौतिक दुरी कायम गरेर मानिसहरु उभिने र एक अर्कोमा दुधको भाँडो तथा ब्यक्तिगत संसर्ग नहुने गरी स्वास्थ्य मापदण्ड पुरा गरेर विहान ८ बजे भित्र भरिसक्ने र दुध भरि सकेपछि तुरुन्त घर फर्किनु पर्ने। मानिसहरु प्रबेश गर्ने स्थानमा अनिवार्य रुपमा सावुन पानीले हातधुने,मास्क र स्यानीटाईजरको ब्यवस्था गर्ने ।
४. विकास निर्माणका लागि प्रयोग हुने निर्माण सामग्री ढुवानी गर्ने सवारी साधनहरु निर्वाध रुपमा संचालन गर्ने। प्रत्येक सवारी साधनमा चालक र १ जना सहयोगी मात्र हुनुपर्ने, अन्य कुनै पनी ब्यक्तिलाई ओसार पसार नगर्ने, मास्क अनिवार्य लगाउने, स्यानीटाईजर अनिबार्य रुपमा राख्ने र सामान लोड तथा अनलोड गर्ने स्थानमा अन्य ब्यक्तिहरु संग सम्पर्क नगर्ने ।
५. विकास निर्माणका योजनाहरु निर्वाध रुपमा स्वास्थ्य मापदण्ड अपनाई मास्क, स्यानीटाईजर र भौतिकदुरी कायम गरि संचालन गर्ने, कामदारहरु एक निश्चित स्थान भन्दा अन्यत्र आवत जावत गर्न नपाउने ।

प्रमुख प्रशासकीय अधिकृत

E-mail: mandandeupurmu@gmail.com, Website: mandandeupurmun.gov.np

६. नगरकोटमा संचालित सेन्चरी बैंकले वडासँग समन्वय गरी हप्तामा ३ दिन संचालन गर्ने, कुन्तास्थित ग्लोबल आइएमई बैंक, कुमारी बैंक र सिपाघाटस्थित सिन्धु विकास बैंक र NCC बैंकले यसअघि तोकिएको तालिका बमोजिम नै स्वास्थ्य मापदण्ड र भौतिक दूरी कायम गरी संचालन गर्ने र प्रवेश स्थलमा साबुन पानीले हात धुने, मास्क र स्यानिटाइजर अनिवार्य रुपमा व्यवस्था गर्ने ।

७. नगरपालिका भित्र संचालित सबै किसिमका सहकारी तथा बचत ऋण सहकारीहरु अर्को सूचना नभएसम्म पूर्ण रुपमा बन्द गर्ने र घर-घर गएर दैनिक बचत संकलन गर्ने कार्य समेत पूर्णरुपमा बन्द गर्ने ।

८. सवारी पास लिएका बाहेक अन्य सम्पूर्ण यातायातका साधनहरु र मानिसहरुको आवतजावत बन्द गर्ने ।

९. चिया पसल, चमेना गृह, रेस्टुरेन्ट तथा होटेल, लजहरु लगायत यस सूचनामा माथि उल्लेख गरिए बाहेकका सम्पूर्ण पसल, ब्यवसायहरु पूर्णरुपमा बन्द गर्ने ।

१०. यस सूचनामा उल्लेख गरिएबाहेकका अन्य व्यवस्थाहरु यस अघि नगरपालिकाबाट जारी गरिएको व्यवस्था अनुसार नै हुनेछ ।

"ज्यान रहे संसार देख्न पाइन्छ" भन्ने उखानलाई मनन गरी स्वस्थ्य रहन प्रयत्न गरौं, कोरोना भाइरसबाट आफू पनि जोगिऔं र अरुलाई पनि जोगाऔं।

२०७८/१/२९
.........................
(प्रणराज न्यौपाने)
प्रमुख प्रशासकीय अधिकृत